*[२०६३ सालको मदन पुरस्कार विजेता ग्रन्थ 'छापामारको छोरो' (कथासङ्ग्रह) का स्रष्टा महेशविक्रम शाहको मन्तव्य]*

**आदरणीय अध्यक्षज्यू, डा. टङ्क सुब्बाज्यू, मञ्चमा आसिन नेपाली वाङ्मयका विशिष्ट साधकहरू, उपस्थित साहित्यानुरागी विद्वद्जन तथा विदुषीहरू !**

सर्वप्रथम आजको यस गरिमायम मदन पुरस्कार समारोहमा म ती दुई आत्मालाई श्रद्धापूर्वक स्मरण गर्न चाहन्छु, जसले नेपाली वाङ्मयको श्रीवृद्धिका लागि आफ्नो जीवन अर्पण गर्नुभयो। त्यो आत्मा जसको नाममा मदन पुरस्कार स्थापना गरिएको थियो तिनै जनरल मदनशमशेर र अर्का आत्मा जसले आफ्ना स्वर्गवासी पतिका नाममा पुरस्कार स्थापना गरी नेपाली वाङ्मयको क्षेत्रलाई सदाका लागि आफ्नो ऋणी बनाउने महान् कार्य गर्नुभएको थियो, तिनै रानी जगदम्बालाई यस नेपाली वाङ्मयको महान् चाडमा हार्दिक श्रद्धासुमन चढाउँछु। यी दुई नेपाली वाङ्मयका महान् आत्मालाई चिरस्मरणीय बनाउन र नेपाली भाषा, साहित्य र संस्कृतिलाई समृद्धशाली र वैभवशाली बनाउन आफ्नो सम्पूर्ण जीवन समर्पण गरिहनुभएका मदन पुरस्कार गुठीका हालका अध्यक्ष श्रद्धेय कमलमणि दीक्षितज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यसका साथै मदन पुरस्कार निर्णायक मण्डलीलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु, उहाँहरूले निष्पक्ष मूल्याङ्कन गरी मेरो कृति 'छापामारको छोरो' ग्रन्थलाई वर्षकै सर्वश्रेष्ठ कृति मानी मैले विगत दुई दशकदेखि गरेको साहित्यिक साधनालाई सफल बनाइदिनुभयो। वर्ष २०६३ को जगदम्बा-श्री पुरस्कारबाट सम्मानित श्रद्धेय डा. तीर्थबहादुर श्रेष्ठज्यूलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु।

'कान्तिपुर' दैनिकका पत्रकार तथा लेखक देवेन्द्र भट्टराईले मेरो कथाकृति 'छापामारको छोरो'ले २०६३ सालको मदन पुरस्कार प्राप्त गरेको पहिलो जनाउ दिँदै 'मदन पुरस्कार पाउँदा कस्तो लाग्यो ?' भनी प्रश्न सोधे। मेरो मुखबाट एक्कासि निस्क्यो– "लेखनले संसार जितेजस्तो लाग्यो।" मैले पछि आफैं गम्भीरतापूर्वक सोचें, के मैले साँच्चै संसार जितेकै हुं त ! हो, मैले पक्कै पनि आफ्नो कलमले संसार जितेकै हुं। जीवनको एक सुमधुर सपना साकार हुनु मेरा लागि संसार जितेकै खुसीको विशिष्ट अनुभूति थियो।

मेरो सानैदेखिको सपना थियो, म ठूलो भएर सफल साहित्यकार बनूं र महाकवि लक्ष्मीप्रसाद देवकोटाको जस्तै मेरो नाम पनि सबैका मुखमा झुन्डियोस्। विद्यालयको ठिटो छँदै मैले नेपाली साहित्यको गहन अध्ययन थालिसकेको थिएं। प्रायः मदन पुरस्कारप्राप्त पुस्तकहरू नै मेरो अध्ययनका विषयहरू हुन्थे। मदन पुरस्कार विजेता कृतिहरू उत्कृष्ट हुन्छन् भन्ने मेरो ठम्याइ थियो। मेरो प्रारम्भिक लेखन मेरा मातापिताको प्रेरणाबाट सुरु भएको हो। मेरो लेख्ने अभिरुचिप्रति मेरा मातापिता सकारात्मक नभइदिएको भए सायद मेरो जीवन-उद्देश्यमा अन्य विषयहरू प्राथमिकतामा पर्थे होलान्। मैले टीकापुर-कैलालीको वीरेन्द्र विद्या मन्दिरवाट विद्यालय तहको शिक्षा पूरा गरेको हुं। मेरो विद्यालय-जीवन गौरवपूर्ण थियो जहां म साहित्यका सप्तरङ्गी सपनाहरू सजाउंथें। स्कूलमा हुने साहित्यिक कार्यक्रमहरूले नै मेरो साहित्यिक धरातल निर्माण गरेका हुन् भन्ने म ठान्दछु। संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाका विद्वान् मेरा नेपाली विषयका गुरु साहित्यकार श्री धनञ्जय तिमिल्सिनाज्यूले मेरो कोमल हृदयमा साहित्यकार बन्ने सपनाको बीज छरिदिनुभएको थियो। 'बाबू, ठूलो मान्छे बन्ने हो भने लेखनाथ, देवकोटा र समजस्तो बन' भनेर उहां हर्दम मलाई हौस्याइरहनुहुन्थ्यो। उहांको त्यही प्रेरणाले नै मलाई जीवनको विकट र विपरीत यात्रामा पनि साहित्यबाट विमुख हुन दिएन र निरन्तर साहित्यसाधनामा लागिरहने ऊर्जा दिइरह्यो। यस

ऊर्जालाई सदा जीवित तुल्याउने काम मेरी श्रीमती महिमा शाहले गरिरहिन्। मेरो जीवनको यस गौरवपूर्ण विशिष्ट क्षणमा म आफ्ना मातापिता, गुरु र श्रीमतीलाई भावपूर्ण अभिनन्दन गर्दछु।

मैले अध्ययन गरेको विद्यालय र म बाँचेको परिवेश नै मेरो साहित्यिक सिर्जनाका स्रोत रहे। म कैलालीको थारू-बस्तीमा हुर्किएँ, थारूहरूको भाषा, संस्कृति, परम्परा, रहनसहन र श्रमशील जीवनबाट म अत्यन्त प्रभावित भएँ। मैले बाल्यकालमा बिताएका यिनै संस्मरणहरू नै मलाई कथाकार बनाउने प्रेरणाका मूल स्रोत बने। साहित्यसिर्जनाको प्रारम्भिक कालमा कविता र निबन्धप्रति गहिरो झुकाव भए पनि आफूले देखेका, भोगेका, अनुभव-अनुभूत गरेका विभिन्न घटनाहरू र चरित्रविशेषलाई सिर्जनामार्फत सार्थक र स्वाभाविक अभिव्यक्ति दिने क्रममा नै म कथाकार बनेको हुं भन्ने मेरो सोचाइ रहेको छ।

वि. सं. २०३५ मा 'हिमाली सौगात' साहित्यिक पत्रिकामा प्रकाशित 'साहित्यका फूल सापकोटा (महानन्द)' शीर्षकको कविता नै मेरो पहिलो प्रकाशित रचना हो। यो कविता साहित्यका विशिष्ट साधक श्री पूर्णप्रकाश नेपाल 'यात्री' ज्यूले छपाइदिनुभएको थियो। वि. सं. २०३७ मा महेन्द्रनगर-कञ्चनपुरबाट प्रकाशित हुने 'साप्ताहिक वार्ता' पत्रिकामा मेरो 'आमा' शीर्षकमा पहिलो कथा प्रकाशित भएको थियो। त्यसपछि उच्च शिक्षाका लागि काठमाडौं नआउन्जेल मैले धेरै कथाहरू लेखें, तर प्रकाशित गरिनं। मेरो सक्रिय कथालेखनकाल वि. सं. २०४५ बाट सुरु भयो जब म उच्च शिक्षाको समाप्तिपश्चात् सात वर्ष लामो साहित्यिक शीतनिद्राबाट अचानक बिउँझिएको थिएँ। वि. सं. २०४६ मा मेरो सम्पादनमा निस्केको 'अनुराग' साहित्यिक पत्रिकामा 'सटाहा' कथा प्रकाशित भएपछि मेरो वास्तविक कथायात्राको थालनी भएको हो। वि. सं. २०४८ मा 'मधुपर्क'मा पहिलोपल्ट प्रकाशित 'तृष्णा' कथाले प्राप्त गरेको प्रशंसा र चर्चापश्चात् मात्र ममा कथाकार बन्ने आकाङ्क्षा पलाएको थियो भन्ने म ठान्दछु।

म साहित्यिक साधनामा सक्रियतापूर्वक लागेको दुई दशक पुगेको छ। यी दुई दशक मेरो जीवनका उर्वर समय हुन् भन्ने मलाई बोध भएको छ। मैले सानो उमेरमा नै आफ्नो भविष्यको जुन दृश्य देखेको थिएँ त्यो दृश्यले नै मलाई जहिले पनि, जस्तोसुकै कठिन र प्रतिकूल अवस्थामा पनि आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिने धैर्य, आँट र ऊर्जा दियो। साहित्यिक ऊर्जालाई सदा जीवन्त राख्न मैले आफू बाँचेको समाज र नेपाली तथा विश्वसाहित्यको गहन रूपमा चिन्तन-मनन र अध्ययन गरें। म बाँचेको परिवेशले मलाई कथाका विषयवस्तुहरू दियो भने नेपाली साहित्य र विश्वसाहित्यको अध्ययनले मलाई बौद्धिक ज्ञान र साहित्यिक खुराक दियो। मैले नेपाली साहित्यकारका उत्कृष्ट कृतिहरूको अध्ययन गर्नुका साथसाथै टल्सटाय, आन्तोन चेखभ, गोर्की, लू सुन, दोस्तोभ्स्की, मोपासां, डी. एच. लरेन्स, हेमिङ्गवे, ओ हेनरी, भर्जिनिया वुल्फ, टचागोर र प्रेमचन्द आदि विश्वसाहित्यका महारथीहरूका कृतिहरू अध्ययन गरें। उनीहरूको अद्भुत लेखनशैलीले मलाई तिनकै कोटिको उत्कृष्ट साहित्यको सिर्जना गर्न अभिप्रेरित गऱ्यो।

म कथालाई अनुभव र अनुभूतिको सरल, सूक्ष्म, सुरुचिपूर्ण र संवेदनायुक्त अभिव्यक्ति मान्दछु। म आफूलाई बौद्धिक कथाकारभन्दा संवेदनशील कथाकार भनाउन रुचाउँछु। कथाले मान्छेको मस्तिष्कभन्दा हृदयलाई स्पर्श गर्नुपर्छ भन्ने मेरो शोच रहेको छ। म कथाको विषयवस्तु चयन गर्दा त्यस्तो विषयवस्तुलाई मात्र चयन गर्छु जसले मेरो अन्तर्मनमा गहिरो प्रभाव पारेको होस्। कथा कथ्न बस्दा म यही सोचेर कथा लेख्छु कि मेरो कथाले मान्छेको संवेदनालाई रुक्रुक्याओस्, अन्तर्मनलाई स्पर्श गरोस् र कथामा निहित सन्देशलाई पाठकले हृदयङ्गम गरोस्। मेरा कथाको मूलभूत तत्त्व नै मानवीय संवेदना हो। मेरा कथाबाट मानवीय संवेदनालाई हटाइदिने हो भने त्यहाँ केवल निर्जीव शब्दहरूको थुप्रो मात्र देखिनेछ। यसका अतिरिक्त लेखनमा समयसापेक्षता मेरो सिर्जनधर्मिताको मान्यता हो। लेखकले वर्तमान समाजका मूलभूत

विषयवस्तुहरूलाई र मान्छेले सामना गर्नुपरेका ज्वलन्त समयपीडालाई आफ्ना सिर्जनाले उत्खनन गर्नुपर्दछ भन्ने म ठान्दछु। आफू बाँचेको समयभन्दा पृथक् रहेर गरिएको साहित्यसिर्जनाले लेखकीय दायित्व र सामाजिक जिम्मेवारीलाई अङ्गीकार गर्न सक्दैन कि भन्ने मेरो ठहर छ।

म लेखनमा परिवर्तनशीलता र विविधता रुचाउंछु। मेरा कथाहरूले समयको परिवर्तनशीलता र कथ्य विषयवस्तुको विविधतालाई आत्मसात् गरेका छन्। समयको गतिसंगै उदाएका नयां विषयहरूलाई उधिन्नु, नयां सन्दर्भहरूलाई कोटयाउनु, कथानकको चरित्रअनुसार कथ्य शैलीमा विविधता अँगाल्नु मेरो कथाकारिताको विशेषता हो। कथा लेख्न बस्दा कुन प्रवृत्ति र सिद्धान्तलाई ध्यानमा राखेर कथा कथ्ने भन्ने कुरा म कहिल्यै सोच्दिनं। म मात्र यति सोच्छु कि मेरो कथाले मान्छेको मनलाई छुन्छ कि छुँदैन, मेरो कथाले समेट्न खोजेको विषयलाई मान्छेले बुभ्छ कि बुभ्दैन र मेरो कथाले सम्प्रेषण गर्न चाहेको मूलभूत सन्देशलाई मान्छेले अनुभूत गर्छ कि गर्दैन। म यिनै कुराहरूमा बढी सजग र सचेत हुन्छु। मेरा लागि मेरो प्रत्येक कथा एक नयां आविष्कार हो जसले नयां मर्म, नयां संवेदना, नयां भावना, नयां अनुभव, नयां अनुभूति, नयां प्रवृत्ति र नयां सन्देश बोकेको हुन्छ।

मेरो कथालेखनप्रवृत्ति आञ्चलिक परिवेशबाट सुरु भएर विदेशी भूमिसम्म फैलियो। मैले आफ्नो गाउंमा बसेर मान्छेका जुन दुःख, वेदना र पीडालाई अनुभूत गरें, विदेशी भूमिमा बस्दा विदेशी मान्छेहरूमा पनि तिनै दुःख र पीडालाई मनन गरें। यस अनुभवबाट मैले के सिकें भने भूगोल फरक भए पनि मान्छेका भोगाइहरू समान हुंदा रहेछन्। मान्छेको रूप, रङ्ग, जात, वर्ण र धर्म फरक भए पनि मान्छेले अनुभूत गर्ने दुःख र पीडाहरू समान हुँदा रहेछन्। मान्छेका अन्तर्देशीय र अन्तर्राष्ट्रिय पीडाको कुनै सीमा हुँदो रहेनछ। यिनै अनुभव र अनुभूतिहरूले मलाई फरक भूगोलका पीडाहरूलाई पनि आफ्नै पीडा ठानेर कथा सिर्जना

गर्ने प्रेरणा दिए। आफ्ना अनुभव र अनुभूतिलाई सँगालेर मैले जसरी गाउँको माटोको सुवास बोकेका आञ्चलिक कथाहरू लेखें त्यसरी नै विदेशी पृष्ठभूमिमा आधारित कथाहरू पनि लेखें। ती कथाहरूले गृहयुद्धको आगोले ध्वस्त बनेका अफ्रिकी मुलुकहरू, उपनिवेशवादको साङ्लोले जकडिएका पूर्वी एसियाका देशहरू, अति विकसित भनेर कहलिएका युरोपका राष्ट्रहरू र गरिबी र निर्धनताबाट कहिल्यै उठ्न नसकेका एसियाली मुलुकका आम नागरिकले भोग्नुपरेको पीडालाई व्यक्त गरेका छन्।

मेरो कथालेखनप्रवृत्तिमा त्यसबेला परिवर्तन देखा पर्न थाल्यो जब मभित्रको कथाकारले अनुभूत गऱ्यो कि म उभिएको धरती सशस्त्र द्वन्द्वयुद्धको पीडाले पिल्सिएको छ। विदेशी भूमिको द्वन्द्वलाई नजिकबाट अनुभूत गर्न पाएको मभित्रको कथाकार आफ्नो धरतीमा जारी द्वन्द्वयुद्धबाट विचलित हुन थाल्यो। फलस्वरूप म द्वन्द्वकथाहरू लेख्न थालें। मैले नेपालले भोगेको एक दशक लामो सशस्त्र द्वन्द्वयुद्धलाई धेरै नजिकबाट अध्ययन गर्ने र त्यसका प्रभावलाई मनन गर्ने अवसर पाएँ। म पेसाको सिलसिलामा द्वन्द्वग्रस्त जिल्लाहरू रोल्पा, प्युठान र बाँकेमा लामो समयसम्म बसें। आफ्नै प्रयासमा म द्वन्द्वको अध्ययन गर्न द्वन्द्वप्रभावित जिल्लाहरू जुम्ला, हुम्ला, मुगु, रुकुम, जाजरकोट, बर्दिया र कैलालीमा पनि पुगें। यो बसाइ र भ्रमणले मलाई द्वन्द्वयुद्धका विभिन्न पक्षलाई सूक्ष्म रूपमा केलाउन र आफ्ना कथाहरूमार्फत सशस्त्र द्वन्द्वयुद्धले दिएको दु:ख, पीडा, यातना र हिंसालाई सजीव चित्रण गर्नमा सघाउ पुऱ्यायो। द्वन्द्वकालीन नेपाली समाजलाई राम्ररी बुझ्न मेरो प्रहरी पेसाले मलाई सघाउ पुऱ्याएको र सिर्जनशील कार्यमा लागिरहने अनुकूल वातावरणको निर्माण गरिदिएकोमा म आफ्नो प्रहरी सङ्गठनप्रति आभारी छु।

मेरो कृति 'छापामारको छोरो' कथासङ्ग्रहले एक दशक लामो सशस्त्र द्वन्द्वयुद्धको जीवन्त चित्रण गर्न सफल भएकाले नै मदन पुरस्कार विजेता बन्ने गौरव हासिल गरेको हो भन्ने मलाई विश्वास छ।

'छापामारको छोरो' ग्रन्थमा सशस्त्र द्वन्द्वयुद्धका विभिन्न पाटाहरूलाई समेटेका प्रकाशित-अप्रकाशित अठारओटा कथाहरू सङ्गृहीत छन्। यसमा सङ्गृहीत मेरा कथाहरू आंसु र सुस्केराका कथाहरू हुन्, यातना र पीडाका गाथाहरू हुन्। यी कथाहरू लेख्दा कति पटक म आफैं आफ्नै कलमबाट द्रवित बनेर रोएको छु। यी कथाहरू द्वन्द्वयुद्धका कथाहरू हुन्, तर यी कथाका प्रत्येक अक्षरमा आम नागरिकको आंसुसँगै मेरो आंसु पनि मिसिएको छ। एउटा लामो कालखण्ड जहां सशस्त्र द्वन्द्वयुद्धका दुई पक्ष राज्य र विद्रोही र तेस्रो पक्ष आम नागरिकले हिंसाको विभीषिकालाई बेहोरेका छन्। ती सबै पीडित पात्रहरू हुन्– मेरो कलमका। मेरो कलम जो चौथो पक्ष बनेर उभिएको छ कथाहरूमार्फत द्वन्द्वकालीन समाजको चिरफार गर्न। मेरो कलम द्वन्द्वयुद्धको त्रासदीलाई जस्ताको तस्तै अभिव्यक्ति दिन डगमगाएन। मेरो कलम सशस्त्र द्वन्द्वयुद्धले मानवीय मूल्य-मान्यता र अस्मितामाथि गरेको आक्रमणलाई कटाक्ष गर्न हिचकिचाएन, मेरो कलम विद्रोहीहरूको संवेदनहीनता र राज्य पक्षको बर्बरतामाथि प्रहार गर्न थरथराएन। 'छापामारको छोरो' ग्रन्थमार्फत मेरो कलमले समग्रमा देशले भोगेको दु:ख, कष्ट, यातना, पीडा, साङ्घातिक हमला, आक्रमण, क्षति, क्रूरता, भ्रष्ट मानसिकता र पाशविकताको मर्मस्पर्शी बयान गर्‍यो, तर मेरो कलम तटस्थ रह्यो। मेरो कलमका कुनै पक्ष-विपक्ष भएनन्। कसैप्रति आग्रह-पूर्वाग्रह राखेन मेरो कलमले। स्रष्टाका आँखाले जे देखे, जे भोगे, जे अनुभूत गरे, कलमले त्यही लेख्यो। मभित्रको स्रष्टाले एक सिपाहीको आह र एक विद्रोहीको ऐय्यामा द्वन्द्वयुद्धले दिएको समान पीडालाई अनुभूत गर्‍यो। यी सजीव अनुभव र अनुभूतिहरू प्रकट भए 'छापामारको छोरो'मा। मेरा यिनै लेखकीय मूल्य-मान्यताहरूले नै 'छापामारको छोरो' कथासङ्ग्रह द्वन्द्वयुद्धकालीन नेपालको चित्रण गर्न सफल भएको अनुभव ऐले मलाई भइरहेछ र म आफूलाई गौरवशाली ठान्दछु। मेरो यस ग्रन्थले केही हदसम्म नेपाली द्वन्द्वयुद्धसाहित्यमा देखिएका अभावको पूर्ति गरेको छ भन्ने बुझ्दा मलाई आत्मसन्तोष भएको छ।

मैले सानो उमेरमा नै आफ्ना सपनाहरूको चट्टानमा जुन बिम्वहरू खोप्न सुरु गरेको थिएँ ती आज पूरा भएका छन्, सपनाको चट्टानमा बिम्बहरू यथार्थ तस्बिर बनेर प्रकट भएका छन्। दुई दशकको मेरो साहित्यिक साधनाले आफ्नो गन्तव्य पहिल्याएको छ। आ-आफ्नो समयका चर्चित र विशिष्ट साहित्यसाधकहरूको लाममा मदन पुरस्कारले प्रदान गरेको गरिमा, प्रतिष्ठा र साहित्यिक उचाइको भारलाई बोकेर म पनि लामबद्ध भएको छु। मलाई थाहा छ, यो लाममा टिकिरहन मैले उत्कृष्ट साहित्यसिर्जनालाई आफ्नो जिम्मेवारीका रूपमा निरन्तरता दिनैपर्छ। आज पूर्णता पाएको मेरो सपनाले अरू धेरै सपनाहरू जन्माएको अनुभव म अहिले गरिरहेको छु। म आज यस गरिमामय समारोहमा उपस्थित सबै विशिष्ट मान्यजनहरूसमक्ष मदन पुरस्कारले मलाई प्रदान गरेको साहित्यिक उचाइ, इज्जत र गरिमालाई सदा-सर्वदा जोगाइराख्ने प्रतिबद्धता व्यक्त गर्दै नेपाली वाङ्मयको श्रीवृद्धिमा सधैं समर्पित र प्रतिबद्ध मदन पुरस्कार गुठीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

जीवनमा विरलै आउने यस्तो सुखद अवसरमा म आफ्नो दुई दशकको साहित्यसाधनामा मलाई साहित्यिक ऊर्जा र प्रेरणा प्रदान गर्ने मेरा अग्रज साहित्यकार, मान्यजन, मेरो परिवार, प्रहरी सङ्गठन र मेरा मित्रहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। 'छापामारको छोरो' ग्रन्थ प्रकाशनका लागि साझा प्रकाशनलाई र मेरा साहित्यिक रचनाहरूको प्रकाशन र प्रचार-प्रसारमा सक्रिय सहयोग पुऱ्याउने विभिन्न साहित्यिक पत्रिका, दैनिक खबरपत्रिका, साप्ताहिक पत्रिका, रेडियो एफ. एम. र टेलिभिजन च्यानलहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आफ्नो मन्तव्य यहीं टुङ्ग्याउने अनुमति चाहन्छु। धन्यवाद !